# लिसंखु पाखर गाउँपालिकाको विनियोजन ऐन, २०७७

गाउँसभाबाट पारित मिति २०७७/०३/१०
प्रमाणित मिति २०७७/०३/१२

**लिसंखु पाखर गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना** लिसंखु पाखर गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम लिसंखु पाखर गाउँ सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम " लिसंखु पाखर गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५१,५६,६३,८१०।- (अक्षेरुपी एकाउन्न करोड छपन्न लाख त्रिसट्ठी हजार आठ सय दश रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त लिसंखु पाखर गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखि आएमा बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा नियमानुसार रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च /कार्यक्रम खर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| ज्ञ | द्द | घ | ढ्ढ | छ | ट | ठ |
| ज्ञ | | गाउँ कार्यपालिका | ५,६९,५० | १६,५९,४६ | | |
| द्द | | वडा समिति | | ३,७८,०० | | |
| घ | | बिषयगत शाखा | | २,१४,६८.८१ | | |
| ढ्ढ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| छ | | लगानी (शेयर/ऋण) | | | | |
| ट | | सामाजिक सुरक्षा | ६,३९,१० | | | |
| ठ | | शशर्त अनुदान प्रदेश/संघ | १६,९५,८९ | | | |

आज्ञाले,
पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत